# उपसंहार

यस सोचपत्रमा धेरै कुरा समेटिएका छन्, व्याख्या भने थोरै गरिएको छ । त्यो किनभने, राष्ट्रियता भन्ने भाव वर्णन नै गर्न नसकिने किसिमको उन्माद, समर्पण एवं ऐक्यबद्धताको अनौठो सम्मिश्रण भएकाले बौद्धिक कसरतमा सीमित गर्न सकिँदैन । भनाइ नै छ, पौडी खेल्नलाई पानीमा हाम फाल्नु पर्छ; अनुसन्धानका ठेलीहरू कण्ठ पारेर पुग्दैन । यसो हुँदाहुँदै पनि केही आधारभूत मान्यताहरूको पुनरावलोकन गर्दै निम्न अवधारणालाई नयाँ परिप्रेक्ष्यमा पुनःपरिभाषित गर्ने प्रयत्न यस सोचपत्रमा गरिएको छ :

(क) नेपालीय हुनुको अर्थ
(ख) नेपालीपनको अनन्य चरित्र
(ग) अराजक व्यक्तिवादिता र राष्ट्रियता
(घ) स्थापित मान्यताहरूलाई चुनौती

(ङ) नेपालीय अवधारणाको आधारभूमि, र
(च) नेपालीत्व निर्माणका सम्भाव्य संरचनाहरू ।

छलफलका आधारमा नेपालीत्व एवं नेपालीयताको निर्माण आवश्यक र सम्भव देखिन्छ, तर त्यसका लागि आवश्यक पर्ने इच्छाशक्ति भने अझै उजागर हुन बाँकी रहेको तथ्यलाई भने बेवास्ता गर्न नसकिने निष्कर्ष उत्साहजनक छैन । त्यसैले संरचना एवं नीतिमा ध्यानकेन्द्रित गर्नुपर्ने अन्तरनिहित सुझावलाई छलफलमा ल्याउन उपयुक्त हुनेछ ।